बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या: २०८१।८२ च.नं. राजश्व शाखा/............... मिति: २०८१।१०।१५

स्थानीय स्तरका सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती, साझेदारी बन उपभोक्ता समिति तथा निजी बन सूचिकृत गर्ने सम्बन्धी

## सूचना ! सूचना !! सूचना !!!

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा साझा अधिकार भित्र पर्ने उपदफा ४ (घ) को ४ र उपदफा ४ (ङ) मा ब्यवस्था भएबमोजिम स्थानीय स्तरका सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती, साझेदारी तथा निजी बनको समेत संरक्षण, सम्बर्द्धन, उपयोग, अनुगमन र नियमन तथा बन उपभोक्ता समूहको ब्यवस्थापन गर्ने तथा परिच्छेद ८ को दफा ६२ (ख) को उपदफा १ र २ अनुसार सामुदायिक बन उपभोक्ता समितिले बन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई स्थानीय सरकारबाट स्वीकृत गराई बन पैदावार बिक्रीवापत हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने ब्यवस्था उल्लेख भएको साथै प्रदेश बन ऐनको दफा ६७, ८१, ८२ र ८३ तथा नियमावलीको ५८, ७६, ७९ र ८२ मा ब्यवस्था भएअनुसार सामुदायिक बनको संचालन र ब्यवस्थापन सम्बन्धमा सम्बन्धित निकायमा दर्ता तथा अनुमति प्राप्त गरेका बन उपभोक्ता समिति तथा निजी आवादीका बन पैदावारका सामाग्रीहरु ओसारपसार तथा बिक्री वितरण गर्नुपर्ने अवस्थामा सम्बन्धित स्थानीय तहको समेत सिफारिस तथा अनुमति लिनुपर्ने भनि उल्लेख भएकाले बेसीशहर नगरपालिका क्षेत्रभित्र गठन भई यस अघि सम्बन्धित निकाय वा कार्यालयमा दर्ता भएका स्थानीय स्तरका बन उपभोक्ता समितिहरु यस कार्यालयमा समेत सूचिकृत गराउने सम्बन्धमा बेसीशहर नगर कार्यपालिकाको मिति २०८१।०१।१२ को बैठकको निर्णय नं. १२ अनुसार र जिल्ला बन कार्यालय लमजुङबाट समेत सहजीकरणका लागि लेखि आएकाले बेसीशहर नगरपालिका क्षेत्रभित्र स्थापना भएका सम्पूर्ण स्थानीय स्तरका सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती, साझेदारी बन उपभोक्ता समिति तथा निजी बनहरु यस बेसीशहर नगरपालिकामा सूचिकृत गरी बन पैदावार बिक्रीबाट प्राप्त रकमको १० प्रतिशत रकम बेसीशहर नगरपालिकाको संचित कोषमा जम्मा गरी ओसारपसार तथा बिक्रीवितरणको लागि नियमानुसार सिफारिस तथा अनुमति लिने ब्यवस्थाका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**सूचिकृतको लागि आवश्यक कागजातहरु**

१. बन उपभोक्ता समिति सूचिकृतको निवेदन — १ प्रति
२. बन उपभोक्ता समितिको विधान — २ प्रति
   (विधानको तलमाथि समितिका सदस्यहरुको दस्तखत हुनुपर्नेछ ।)
३. उपभोक्ता समितिका सदस्यहरुको नागरिकताको प्रमाणित प्रतिलिपी — १/१ प्रति
४. संस्था सूचिकृत गर्ने सम्बन्धी बन उपभोक्ता समितिको निर्णय — १ प्रति
५. सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाण पत्र र सिफारिस पत्र — १/१ प्रति
६. नियमानुसार लाग्ने दस्तुर बुझाएको हुनुपर्नेछ ।

.................................................

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत